## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०१-२०८२/०८३

मिति २०८२/०४/२७ समय: दिनको ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री कालिका तिमिल्सिना लम्साल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री शरद चौपाने (लेखा अधिकृत)

श्री जीवन गुरुङ, ([illegible])

श्री रिम बहादुर गुरुङ, ([illegible])

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठंक

**मितिः २०८२/०४/२७** **बैठक संख्याः ०१-२०८२/०८३**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को लागि दररेट स्वीकृत गर्ने सम्बन्धमा।
३. वार्षिक विकास कार्यक्रम सार्वजनिक गर्ने सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
५. देवघाट गाउँपालिकाको सट्टा स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा।
६. नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत कर्मचारीको करार निरन्तरता सम्बन्धमा।
७. तीज बिशेष कार्यक्रम सम्बन्धमा।
८. इन्धन व्यवस्थापन सम्बन्धमा।
९. सवारी मर्मत सम्बन्धमा।
१०. विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु बारे समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिकाको आ.व. २०८२/८३ को लागि कामदारको ज्याला, निर्माण सामाग्रीको दँररेट, वस्तु तथा सेवा खरिद सम्बन्धी विविध कार्यको दररेट निर्धारण गर्नको लागि विभिन्न सरोकारवाला संघ संस्थाहरुसँगको छलफल एवं तनहुँ जिल्ला र छिमेकी जिल्लाहरुको दररेटको आधारमा दररट निर्धारण तथा मूल्यांकन समितिले पेश गरेको आ.व. २०८२/८३ को देवघाट गाउँपालिकाको दररेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक विकास कार्यक्रम सार्वजनिकीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम गाउँपालिका अन्तर्गत विभिन्न विषयगत शाखा एवं वडा समिति तथा स्वास्थ्य संस्थाबाट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिकाको सट्टा स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा प्रदेश आयुर्वेद चिकित्सालय दमौली, तनहुँको मिति २०८२/०४/०६, च.नं. ३ को पत्रानुसार यस गाउँपालिका अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्रको आर्थिक वर्ष ८२/८३ देखि स्थानीय तहबाट

तिल बहादुर थापा
अध्यक्ष

CamScanner

नै संचालन हुने गरी वजेट व्यवस्थापन भएकोले साविक देखि नागरिक आरोग्य सेवा केन्द्रमा सेवा करारमा कार्यरत अभियानकर्ता एवं जिन्सी तथा अन्य सामाग्री समेत स्थानीय तहमा हस्तान्तरण गर्नु भनी लेखि आएकोले उक्त आरोग्यकर्तामा कार्यरत अभियानकर्ता देव कुमारी महतोलाई आ.व. ८२/८३ को श्रावण देखि सेवा करार म्याद थप गरी निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा देवघाट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम यस वर्षको तीज विशेष कार्यक्रमको लागि विनियोजित रकम रु. १ लाख मध्येबाट खर्च हुने गरी गाउँपालिका वा अन्तर्गतका महिला कर्चमारी, पालिका स्तरीय महिला सञ्जाल एवं वडा स्थित महिला सञ्जाललाई तीज मनाउनका लागि तपसिल बमोजिम रकम बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

क) गाउँपालिका स्तरिय महिला सञ्जालः रु. २५ हजार

ख) गाउँपालिका वा अन्तर्गत महिला कर्मचारीको लागिः रु. २५ हजार

ग) प्रत्येक वडाका वडा स्तरिय महिला सञ्जालको लागि १० हजारको दरले रु. ५० हजार

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रयोजनको लागि आवश्यक इन्धन आपूर्तिको लागि जय गोरखकाली आयल ट्रेडर्स, भरतपुर-२९ चितवन सँग सम्झौता गर्ने र कर्मचारीहरुलाई देवघाट गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ र गाउँपालिका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी प्रदेश कानूनको अधिनमा रही पारवहन तथा इन्धन व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गत रहेका चार पाङ्ग्रे सवारी साधनहरु साविक बमोजिम नै आधिकारिक सर्भिस सेन्टरमा र दुई पाँङ्ग्रे सवारी साधनको हकमा कानुनी रुपमा दर्ता भई सञ्चालनमा रहेका वर्क सपहरुबाट दररेट माग गरी (कोटेशन विधि) न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही हुने वर्कसपसँग सम्झौता गरी मर्मत कार्य अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा देहाय बमोजिमको अन्य विविध निर्णय गरियो।

क) देवघाट गाउँपालिका कार्यालय वा अन्तर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तपसिल बमोजिम मासिक फिल्ड भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | पद तह | कार्य क्षेत्र | मासिक रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जिनियर सातौं/आठौं | गाउँपालिका | १४,००० | |
| २ | इन्जिनियर छैठौं | गाउँपालिका | १०,००० | |
| ३ | सव इन्जिनियर पाँचौं | गाउँपालिका | ८,००० | |
| ४ | सव इन्जिनियर, अ.स.ई. (पाचौं/चौथो) | १ वटा वडा | ४,००० | |
| ५ | सव इन्जिनियर, अ.स.ई. (पाचौं/चौथो) | २ वटा वडा | ६,००० | |

तिल वहादुर थापा
अध्यक्ष

CamScanner

ख) देवघाट गाउँपालिका अन्तर्गत माध्यमिक तह संचालन भएका तर माध्यमिक तहमा दरबन्दी नभएका वा शुन्य दरबन्दी भएका तपसिलका सामुदायिक विद्यालयलाई शिक्षण सिकाई अनुदान सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

- श्री राष्ट्रिय माध्यमिक विद्यालय, देवघाट-४, काफलडाँडा - ३ जना
- श्री बालकेश माध्यमिक विद्यालय, देवघाट-३, छिपछिपे - १ जना

ग) देवघाट गाउँपालिका वडा नं. ५ स्थित इलाका प्रहरी कार्यालय देवघाटलाई वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही इन्धन स्वरुप मासिक ४० (चालिस) लिटर र वडा नं. २ स्थित अस्थाई प्रहरी चौकी खाल्टेलाई २० (बिस) लिटर इन्धन वा सो बराबरले हुन आउने इन्धन बिल बामोजिमको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

घ) देवघाट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम यातायात सुविधा प्रयोग गरेका विद्यालयलाई इन्धन अनुदान शीर्षकबाट वडा नं. ५ स्थित श्री कालिका माध्यमिक विद्यालयलाई मासिक १०० लि. इन्धन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ङ) नेवा:देय् दबु गण्डकी प्रदेश समितिद्वारा भिमाद न.पा. भिमाद रंगशालामा मिति २०८२/०५/१४ गते बृहत लाखे नाच प्रतियोगिताका लागि गुरुङ, मगर, तामाङ, नेवार तथा अन्य जातजातिको साँस्कृतिक पर्व भाषा लिपि संरक्षण तथा सम्वर्द्धन शीर्षकबाट रु. ५०,००० (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो

निल बहादुर थापा,
अध्यक्ष

CamScanner